नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या:-६२७ मिति :-२०७१/६/२६

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- भारतवाट परिवर्त्य विदेशी भुक्तानी गरी software खरिद गर्ने बारे ।

महाशय,

नेपालका संघ संस्था तथा कम्पनीहरुले भारतवाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी Software खरिद गर्नु परेमा एकपटकमा बढीमा अमेरिकी डलर १०,०००।- सम्मको Software एल.सी. मार्फत देहायको प्रकृया पुरा गरी आयात गर्न पाउने व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु गराउनु हुन विदेशी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. प्रचलित व्यवस्था बमोजिमका प्रावधान पुरा गरी प्रतितपत्र खोल्नु पर्नेछ ।
२. परिवर्त्य विदेशी मुद्रामा भारतवाट निर्यात हुंदा भारत सरकारवाट परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्दा छुट दिए बमोजिमका कर, अन्तशुल्क नलिएको देखिने विजक वा इन्भ्वाइस हुनु पर्नेछ ।
३. प्रचलित व्यवस्था बमोजिम भन्सार विन्दु नभई On-line मार्फत आयात हुने सफ्वेयरको हकमा अग्रीम कर तिरेको रसिद पेश गर्नु पर्नेछ ।
४. भन्सार विन्दु भएर आयात हुने सफ्वेयरको हकमा प्रचलित व्यवस्था वमोजिमको प्रकृया पुरा गर्नु पर्नेछ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, भन्सार विभाग, त्रिपुरेश्वर ।
५. श्री नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री सूचना प्रविधि विभाग ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१२. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।